का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ चैत २०७८,
शानिबार
9 April 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ६३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# निर्वाचन आचारसंहिता लागू

अठार वर्ष नपुगेका बालबालिकालाई प्रचारप्रसारमा लान नहुने, निषेधित स्थानमा कार्यक्रम तथा जुलुस गर्न नपाइने र सरकारी कार्यालय, सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला वा प्रचारप्रसार गर्न नपाइने आचारसंहितामा उल्लेख छ ।




*आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको तयारीबारे जानकारी दिन निर्वाचन आयोगमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया, आयुक्तहरुलगायत । तस्वीर : नवीन पौडेल, रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ चैत

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि शुक्रबार मध्यरातिदेखि आचारसंहिता लागू भएको छ। शुक्रबार निर्वाचन आयोगले पत्रकार सम्मेलन गरी आचारसंहिता लागू भएको जानकारी गराएको हो। आयोगले चैत ३ गते नै आचारसंहिता प्रकाशित गरेपनि लागू भने गर्न सकेको थिएन। तर शुक्रबार मध्यरातिदेखि लागू हुनेगरी आचारसंहिता जारी भएको आयोगले जनाएको छ । आचारसंहितामा निर्वाचन प्रचारप्रसारदेखि लिएर सामाजिक सञ्जालमा रोक लगाइने लगायत दर्जन बढी नियम समावेश गरिएको छ ।

आयोगले चुनावमा राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह ज्याकेट, कमिज, भेष्ट लगायतका कुनै किसिमको पहिरन, स्टिकर, लोगो, झोला, ब्याच, ट्याटु जस्ता सांकेतिक सामग्री उत्पादन गर्न प्रयोग गर्न, बिक्री-वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने कडा नियम बनाएको छ। अठार वर्ष नपुगेका बालबालिकालाई प्रचारप्रसारमा लान नहुने, निषेधित स्थानमा कार्यक्रम तथा जुलुस गर्न नपाइने र सरकारी कार्यालय, सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला वा प्रचारप्रसार गर्न नपाइने आयोगले जनाएको छ । ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक

– बाँकी पृष्ठ २ मा



'आचारसंहिता उल्लंघन गर्ने जो कोहीलाई पनि निर्वाचन कसुर कानून बमोजिम कारबाही हुन्छ ।'

**दिनेशकुमार थपलिया**
*प्रमुख निर्वाचन आयुक्त*
*निर्वाचन आयोग*

# गभर्नर अधिकारी निलम्बित



**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २५ चैत

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी निलम्बनमा परेका छन् । अर्थ मन्त्रालयले अधिकारीमाथि अनुसन्धान गर्न जाँचबुझ समिति बनाएपछि उनि स्वतः निलम्बनमा परेका हुन् । स्रोतका अनुसार मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले गभर्नर अधिकारीले अर्थतन्त्रलाई धराशायी बनाएको ठहर गर्दै उनीमाथि छानविन गर्न कमिटी बनाउने निर्णय गरेको थियो ।

स्रोतका अनुसार बिहीबार बसेको मन्त्रिपरिषद् बैठकमा गभर्नर अधिकारीबारे विविध विषयमा प्रश्न उठेको थियो । गभर्नर अधिकारीमाथि विलासी वस्तुको आयात रोक्ने लगागतका नीतिगत निर्णय गर्नुअघि सूचना चुहावट गरेको विषयमा गम्भीर आरोप लागेको भन्दै उनीमाथि जाँचबुझ गर्न समिति बनाउने छलफल चलाइएको थियो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार गभर्नरलाई पदमुक्त गर्नुअगाडि जाँचबुझ गर्न समिति गठन गर्नुपर्ने हुन्छ । राष्ट्र बैंक ऐन २०५८ को दफा २२ मा राष्ट्र बैंकका गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकलाई पदमुक्त गर्न जाँचबुझ समिति गठन र त्यसको सिफारिस अनिवार्य हुने व्यवस्था छ ।

अर्थ मन्त्रालयले शुक्रबार सोही व्यवस्थाअनुसार पुर्वन्यायाधीश पुरुषोत्तम भण्डारीको संयोजकत्वमा डा. सूर्य थापा र चन्द्रकान्त पौडेल सदस्य रहेको ३ सदस्यीय जाँचबुझ समिति बनाएको छ । सो समितिलाई एक महिनाभित्र छानविन प्रतिवेदन बुझाउन भनिएको छ । गभर्नर अधिकारी निलम्बनमा परेपछि डेपुटी गभर्नर निलम ढुंगानालाई कार्यबाहक गभर्नरको जिम्मेवारी दिइएको प्रधानमन्त्री कार्यालय स्रोतले जानकारी दिएको छ ।

# बलात्कारमा मिलापत्र गराए फौजदारी अपराध

अन्तर्राष्ट्रिय अभ्यासलाई पनि हेरेर जोसुकैले जोसुकैलाई बलात्कार गर्नसक्छ भन्ने प्रष्ट परिभाषामा लेखिएको कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले जानकारी दिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ चैत

बलात्कारका घटनामा मिलापत्र गराउनेहरुलाई फौजदारी अपराधमा कारबाही हुने भएको छ। चैत १७ गते बसेको मन्त्रिपरिषद्को बैठकले यौन हिंसाविरुद्धको अध्यादेश ल्याउने निर्णय गरेको थियो । अध्यादेशमा अध्यादेशमा बलात्कारका घटनामा पञ्चायती वा जुनसुकै नाममा हुने मिलापत्रलाई अपराध किटान गरिएको छ ।

बलात्कारको परिभाषालाई पनि संशोधन गर्दै अध्यादेशले जोसुकैले जोसुकैलाई बलात्कार गर्नसक्छ भन्ने प्रष्ट पारेको छ। यसअघि मुलुकी अपराध संहितामा महिला मात्र बलात्कृत हुन सक्ने गरी बलात्कारको परिभाषा गरिएको छ ।

अन्तर्राष्ट्रिय अभ्यासलाई पनि हेरेर जोसुकैले जोसुकैलाई बलात्कार गर्नसक्छ भन्ने प्रष्ट परिभाषामा लेखिएको कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले जानकारी दिएको छ ।

बलात्कार तथा बलात्कार प्रयासका घटनामा हुने सजायलाई समेत बढाइएको छ। न्युनतम सजाय घटाइएको छैन भने अधिकतम सजाय बढाइएको छ ।

साथै कुनै नाबालिग (१८ वर्षभन्दा कम उमेर) माथि बलात्कार वा बलात्कार प्रयास भएको थियो, तर उजुरी परेको थिएन भने साबालिग भएको एक वर्षभित्र उजुरी दिन सक्ने व्यवस्था समेत अध्यादेशमा गरिएको छ ।

## मिलापत्र गराउनेलाई ३ वर्ष कैद

अध्यादेशले बलात्कारका घटनामा मिलापत्र गराउनेलाई ६ महिनादेखि ३ वर्ष कैद वा ३० हजार जरिवाना वा दुबै सजाय हुने व्यवस्था गरेको छ। मिलापत्र गराउने व्यक्ति सार्वजनिक पद धारण गरेको भए थप ६ महिना कैद हुनेछ।

पछिल्लो समय पञ्चायती गर्ने तथा जनप्रतिनिधिकै संलग्नतामा मिलापत्र गराएका घटना सार्वजनिक भएका थिए । उनीहरुलाई अपराध कानूनको दायरामा ल्याउने प्रष्ट व्यवस्था नभएपछि अध्यादेश ल्याइएको हो ।

यसैगरी, अध्यादेशमार्फत बलातकारको सजाय समेत बढाइएको छ । अब १४ वर्षदेखि १६ वर्षसम्म व्यक्ति बलात्कारमा १२ देखि १६ वर्षसम्म कैद सजाय हुन्छ । यसअघि यस्तो अपराधको सजाय १२ देखि १४ सम्म थियो । यस्तै १६ देखि १८ वर्षको व्यक्ति बलात्कारमा १० देखि १४ वर्षसम्म कैद सजाय हुनेछ। यसअघि यस्तो अपराधमा १० देखि १२ वर्षसम्म कैद सजाय हुने व्यवस्था थियो ।

१८ वर्ष वा माथिका व्यक्ति बलात्कारमा १० देखि १२ वर्षसम्म कैद सजाय हुनेछ। यसअघि यस्तो अपराधमा ७ देखि १० वर्षसम्म कैद हुने व्यवस्था थियो ।

बलात्कारका घटनामा दोषी ठहर भएका जेष्ठ नागरिकलाई कैद छुट गर्ने व्यवस्था हटाएको छ भने कुनै नाबालिग (१८ वर्षभन्दा कम उमेर) माथि बलात्कार वा बलात्कार प्रयास भएको थियो, तर उजुरी परेको थिएन भने साबालिग भएको एक वर्षभित्र उजुरी दिन सक्ने व्यवस्था गरिएको छ ।

**पुरुष पनि बलात्कृत हुन सक्छन्**

अध्यादेशले पुरुष पनि बलात्कृत हुनसक्ने स्वीकार गर्दै दण्ड सजायको व्यवस्था गरेको छ।

यसअघि दण्डसम्बन्धी व्यवस्थामा बालिका वा महिला भन्ने शब्द भएकामा अध्यादेशमार्फत त्यसलाई संशोधन गरेर कुनै व्यक्ति भन्ने शब्द राखिएको छ ।

असोज तेस्रो साता जनकपुरमा एक पुरुषमा ५ बर्षीय बालकको बलात्कारपछि हत्या गरेको सार्वजनिक भएको थियो । अन्तर्राष्ट्रिय अभ्यासलाई पनि हेरेर कसैले कसैलाई बलात्कार गर्नसक्छ भन्ने उल्लेख गरिएको हो ।

# एकपछि अर्को पराजय भोग्दै एमाले

नेपाल बार एसोसिएसनको निर्वाचनमा शुक्रबार सत्तागठबन्धनका अध्यक्ष उम्मेद्वार गोपालकृष्ण घिमिरसहित प्यानल नै विजयी भएपछि एमालेले अर्को पराजय व्योहोरेको छ ।



*नेपाल बार एसोसिएसनको नवनिर्वाचित कार्यसमिति*

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ चैत

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले एकपछि अर्को हारको सामना गर्नुपरेको छ। नेपाल बार एसोसिएसनको निर्वाचनमा शुक्रबार सत्तागठबन्धनका अध्यक्ष उम्मेद्वार गोपालकृष्ण घिमिरसहित प्यानल नै विजयी भएपछि एमालेले अर्को पराजय व्योहोरेको हो । २६ औं केन्द्रीय कार्यसमितिको निर्वाचनमा बृहत लोकतान्त्रिक प्रगतिशील समावेशी तथा पेशागत कानून व्यवसायी समूहबाट नेपाली कांग्रेसनिकट घिमिरे अध्यक्ष निर्वाचित भएका हुन् । घिमिरेले ४४७४ मत ल्याएका छन् भने एमाले निकट विष्णुमणि अधिकारीले २४८२ मत मात्रै प्राप्त गरेका छन् ।

तरपनि नेकपा एमालेका अध्यक्ष केपी ओली भने एमाले जुनसुकै प्रतिस्पर्धामा जान पनि काफी भएको बताइरहेका छन्। 'एमाले एक्लै प्रतिस्पर्धामा जान तयार छ, अरु दलहरु एक एक किलोका छन्, हामी क्विन्टल हौं,' अध्यक्ष ओलीले बताएका छन् । उनले ३ वटै तहको चुनावमा आफ्नो पार्टीले बहुमत ल्याउने दाबी गरिरहेका छन् ।

– बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारबाट फर्किएर राष्ट्रिय उद्यमी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्केर उद्यमी बनेका ८ जना उद्यमीलाई नगद पुरस्कारसहित सम्मान गरेको छ। मन्त्रालयले एक जनालाई उत्कृष्ठ उद्यमी राष्ट्रिय पुरस्कार र बाँकी ७ जनालाई उद्यमी राष्ट्रिय पुरस्कार प्रदान गरेको छ। उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार एक लाख पचास हजार रूपैयाँ तथा सम्मानपत्र र उद्यमी राष्ट्रिय पुरस्कार जनही ७५ हजार नगदसहित सम्मान पत्र रहेको छ ।

दक्षिण कोरियाको रोजगारीबबाट फर्किएर कैलालीको लम्कीचुहा नगरपालिका-१ मा करुणा गार्मेन्ट्स संचालन गरिरहेका हरिप्रसाद जैसीले १ लाख ५० हजारसहित उत्कृष्ट उद्यमी सम्मान पाए ।

मन्त्रालयमा शुक्रबार आयोजित कार्यक्रममा मन्त्री कृष्णकुमार श्रेष्ठ र सचिव एकनारायण अर्यालले उक्त राष्ट्रिय पुरस्कार प्रदान गरे ।

उद्यमी राष्ट्रिय पुरस्कार पाउनेहरुमा मोरङ मिक्लाजुङ ६ मा कसेनी कृषि फर्म संचालन गर्दै आएका हेमकुमार झाकोटे मगर, कैलालीको गौरीगंगा नगरपालिका-१ मा रोयल कृषि फर्म संचालन गरिरहेका अमृत बहादुर शाही, सल्यान छत्रेश्वरी गाउपालिका-६ मा सुलभ पशुपंक्षी तथा माछा उत्पादन फर्म संचालन गरिरहेका लोकराज भण्डारी, गुल्मीको गुल्मीदरबार गाउपालिकामा बुचा कृषि तथा पशुपंक्षी फर्म संचालन गरिरहेका गुनबहादुर बुचा, तनहु घिरङग गाउँपालिका ३ मा डीकेजी कृषि तथा पशु फर्म संचालन गर्दै आएका मेखनाथ गुरुङ रहेका छन् ।

त्यस्तै दोलखा कालिन्चोक गाउँपालिका ९ मा ग्लोबल कृषि तथा पशुपंक्षी फर्म संचालक शंकर कुमार ओली,

– बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

## 'ईपीएस' नवीकरण गर्ने निर्णय

**काठमाडौं/मस–** सरकारले रोजगार अनुमति प्रणाली (ईपीएस) मार्फत नेपाली नागरिकलाई दक्षिण कोरिया पठाउने सम्बन्धी समझदारीपत्र नवीकरण गर्ने निर्णय गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले सम्झौता नवीकरण गर्ने निर्णय गरेको सरकारका प्रवक्ता ज्ञानेन्द्र बहादुर कार्कीले जानकारी दिए । सरकारले ईपीएसमार्फतबाट वर्षेनी दक्षिण कोरियामा नेपाली कामदार पठाउँदै आएको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२६ चैत २०७८, शनिबार
9 April 2022, Saturday

# १५ लाख फिरौती नदिएको भन्दै ८ वर्षीय बालकको हत्या !

**सर्लाही/मस**-जिल्ला प्रहरी कार्यालय सर्लाहीले बालक अपहरण गरी हत्या गरेको आरोपमा सात जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ। चैत २० गते राति जिल्लाको मलङ्गवा नगरपालिका-१२ गम्हरियाका दीपेन्द्र ठाकुरका छोरा अन्दाजी ८ वर्षका आकाश ठाकुरलाई अपहरण गरी बन्धक बनाई हत्या गरेको आरोपमा सात जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रभिन पोखेलले जानकारी दिए ।



घरबाट हराएका बालकको खोजी गर्ने क्रममा छिमेकीको शौचालयको सेफ्टी टङ्याकीभित्र प्लाष्टिकको बोरामा शव फेला परेको थियो । अनुसन्धानको क्रममा सर्लाही प्रहरीले फेसबुक म्यासेन्जरमा आकाशका आफन्तसँग १५ लाख फिरौती माग गरेको खुल्न आएकोले सो कार्यमा संग्लग्न रहेका सात जनालाई नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको प्रहरीले जनाएको छ ।

प्रहरीको अनुसन्धानबाट ती सातैजनाको संलग्नता रहेको खुलेपछि उनीहरुलाई नियन्त्रणमा लिएर अनुसन्धान गर्दा उनीहरुले आकाशलाई छिमेकी जगदीश बडहीको घरको माथिल्लो तल्लामा लगी कर्तव्य गरी मारी शव प्लाष्टिकको बोराभित्र राखी बडहीको घरको शौचालयको सेफ्टी टङ्याकीभित्र हाली लुकाएको स्वीकार गरेका जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिए ।

मलङ्गवा नगरपालिका-१२ गम्हरियाका ६० वर्षीय जगदीश बडही, २१ वर्षीय कृष्ण ठाकुर, कृष्ण ठाकुरकी श्रीमती अन्दाजी १८ वर्षीय निरुता शर्मा, २५ वर्षीया सङ्गीता बडही, सुनिल ठाकुर, ५० वर्षीय नेवा ठाकुर र मलङ्गवा नगरपालिका-११ का ३१ वर्षीय राकेश ठाकुरलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक बुढाथोकीले बताए ।

शव परीक्षणपश्चात मृतक आकाशको शव उनका आफन्तले बुझेका छन् । पक्राउ परेका सातै जनालाई अपहरण तथा शरीर बन्धक बनाई कर्तव्य ज्यान मुद्दा दर्ता गरी सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# गण्डकीको चालु अधिवेशन अन्त्य

**गण्डकी/मस**- गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक गण्डकी प्रदेशसभाले पारित गरेको छ । प्रदेशका कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले विधायन समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भन्दै गरेको प्रस्तावलाई शुक्रबारको सभाले सर्वसम्मत पारित गरेको हो ।



यसअघि विधेयकमाथिको छलफलमा भाग लिँदै प्रदेशसभा सदस्यहरू विकास लम्साल, सरिता गुरुङ, गायत्री गुरुङ र कृष्णबहादुर थापाले प्रदेश तथा स्थानीय तहबीचको समन्वयका लागि विधेयक महत्वपूर्ण बन्ने विश्वास व्यक्त गरेका थिए ।

बैठकले गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाएको छ । उक्त विधेयकमाथिको सामान्य छलफलमा सदस्यहरू धनञ्जय दवाडी, मनकुमारी गुरुङ र पियारी थापाले सूचनाको हक कायम गराउन विधेयक महत्वपूर्ण बन्ने बताए ।

बैठकले केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक विधायन समितिमा दफावार छलफलका लागि पठाएको छ । उक्त विधेयकमाथिको सामान्य छलफलमा मोहनप्रसाद रेग्मी र ललितकला गुरुङले भाग लिएका थिए । शुक्रबारको बैठकको शून्य समयमा कृष्णबहादुर थापा र ललितकला गुरुङ तथा विशेष समयमा विकास लम्साल र मोहनप्रसाद रेग्मीले विभिन्न समसामयिक विषयमा सरकार तथा प्रदेशसभाको ध्यानाकर्षण गराएका थिए ।

बैठकले मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सभासमक्ष प्रस्तुत गरेको महालेखा परीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा र मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेशको वार्षिक प्रतिवेदन छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरेको छ ।

बैठकमा सभामुख नेत्रनाथ अधिकारीले प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मन्त्रिपरिषद्को सिफारिसमा चालु अधिवेशन शुक्रबार राति १२ बजेदेखि अन्त्य गरेको व्यहोराको पत्र पढेर सुनाएका थिए ।

# सभामुख सापकोटा र चिनियाँ जनसंसद्का सभामुखबीच छलफल



**काठमाडौं/मस**- सभामुख अग्निप्रसाद सापकोटा र चिनियाँ जनसंसद्को स्थायी समितिका अध्यक्ष (सभामुख) ली झान्सुबीच छलफल भएको छ । परराष्ट्र मन्त्रालयले जनाएअनुसार शुक्रबार उनीहरुबीच श्रव्यदृश्यका माध्यमबाट छलफल भएको हो । छलफलका क्रममा नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्धका बारेमा छलफल भएको हो ।

दुवै देशका सांसदहरुको नियमित भ्रमण आदानप्रदान एवं अनुभव साटासाट गर्नुपर्ने आवश्यकतामा समेत जोड दिइएको थियो। सभामुख सापकोटाले चिनियाँ जनकंग्रेसका अध्यक्ष लीलाई नेपाल भ्रमणको निमन्त्रणा दिए । यस्तै चिनियाँ सभामुखले पनि सभामुख सापकोटालाई चीन भ्रमणका लागि आमन्त्रण गरेका थिए। छलफलमा सङ्घीय संसद् सचिवालयका अधिकारीसहित परराष्ट्र मन्त्रालयका प्रतिनिधिको समेत सहभागिता थियो।

# सुदूरपश्चिम सरकारमा नेपाली कांग्रेस पनि सहभागी



**सुदूरपश्चिम/मस**- सुदूरपश्चिम सरकार पुनर्गठन गरिएको छ । नेकपा माओवादी केन्द्र र नेकपा समाजवादी पार्टीले नेतृत्व गर्दै आएको प्रदेश सरकारमा अब कांग्रेस पनि सहभागी बनेको छ ।

कांग्रेसका रणबहादुर रावललाई आन्तरिक मामिला तथा कानूनमन्त्री, गोविन्द बोहोरालाई सामाजिक विकासमन्त्री र टेकबहादुर रैकालाई सामाजिक विकास राज्यमन्त्रीमा नियुक्त गरिएको छ ।

त्यसैगरी, आर्थिक मामिलामन्त्रीमा नेकपा एकीकृत समाजवादीका प्रकाश रावल नियुक्त भएका छन् । एकीकृत समाजवादीको तर्फबाट मन्त्री रहेका आन्तरिक मामिलामन्त्री पूर्णा जोशी, सामाजिक विकासमन्त्री लालबहादुर खड्का, आर्थिक मामिलामन्त्री तारा लामालाई फिर्ता प्रदेश सरकारले फिर्ता बोलाएको छ ।

भौतिक पूर्वाधार विकास राज्यमन्त्रीबाट चुनकुमारी चौधरी फिर्ता भएकी छन् । एकीकृत समाजवादीकै कुलबीर चौधरी नियुक्त भएका छन् । अर्थ राज्यमन्त्रीबाट माया तामाङ बोहरा फिर्ता भएकी छन् भने अमर साउद नियुक्त भएका छन् । सामाजिक विकास राज्यमन्त्री मनाकुमारी साउदलाई पनि फिर्ता बोलाइएको छ । नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी नेतृत्वको सरकारमा नेपाली कांग्रेस पनि सहभागी भएपछि मुख्यमन्त्री त्रिलोचन भट्टले नयाँ मन्त्रीहरू नियुक्त गरेका हुन् ।

# हाम्रो विद्यालय म बनाउँछु अभियान शुरु गर्दैछौं : शिक्षामन्त्री

**काठमाडौं/मस**-शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले 'हाम्रो विद्यालय म बनाउँछु' भन्ने अभियान शुरू गरिने बताएका छन् ।



दक्षिणकाली नगरपालिकास्थित सेतीदेवि माध्यमिक विद्यालयको वार्षिकोत्सव कार्यक्रममा मन्त्री पौडेलले आगामी वर्षदेखि यो अभियान सुरू गरिने बताए ।

उनले सार्वजनिक शिक्षा सुधार गर्न विद्यालयका प्रधानध्यापक र शिक्षकको मुख्य भूमिका हुने पनि उल्लेख गरे । 'हाम्रो परिवारको कुनै सदस्य बिरामी भएर अस्पताल लग्यौं भने उसको जीवन डाक्टरको हातमा हुन्छ', मन्त्री पौडेलले भने, 'आज सार्वजनिक विद्यालय बचाउने र सुधार्ने जिम्मा प्रधानध्यापक र शिक्षकको हातमा बढी छ ।'


उनले लोकसेवा आयोगको परीक्षा पास गरेका कर्मचारीको तलब र सेवा सुविधा शिक्षक सेवा आयोगको परीक्षा पास गरेका शिक्षकको भन्दा भिन्न रहेको बताउँदै एकै किसिमको बनाउने गरी पहल भइरहेको बताए ।

'विद्यालय र शिक्षा प्रणाली सुधारको उद्देश्यसहित शिक्षकको सेवा सुविधा कर्मचारी सरहको बनाउने भनेका छौं', उनले भने ।

सार्वजनिक विद्यालयको शिक्षा बिग्रियो भन्नुभन्दा पनि शिक्षण पेशालाई मर्यादित व्यवसायको रुपमा अघि बढाउनुपर्ने सुझाव दिँदै मन्त्री पौडेलले भने, 'पेशालाई मर्यादित बनायौं भने शैक्षिक सुधार आफैं हुन्छ ।'

शिक्षण पेशा नाफा कमाउने र तलब थाप्ने मात्र नभइ सेवा प्रदान गर्ने पेशा भएको उनको भनाइ छ । निजी शिक्षण संस्थाको उदाहरण दिँदै मन्त्री पौडेलले विद्यार्थी विद्यालयमा ल्याउन पढाइसँगै अभिभाककसँग नियमित छलफल र मेहनत पनि गर्नुपर्ने बताए ।

# नारायणप्रसाद दाहाल राष्ट्रियसभामा मनोनित



काठमाडौं/मस-राष्ट्रपति विद्यादेवी भण्डारीले नारायणप्रसाद दाहाललाई राष्ट्रियसभा सदस्यमा मनोनित गरेकी छिन् ।

नेपालको संविधानको धारा ८६ को उपधारा २ को खण्ड 'ख' बमोजिम नेपाल सरकारको सिफारिसमा चितवनका दाहाललाई राष्ट्रियसभामा मनोनित गरिएको राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# मनाङका ७२० बालबालिकालाई टाइफाइडविरुद्धको खोप

**नविन अंकुर/मध्यान्ह**
मनाङ, २५ चैत

टाइफाइड रोगविरुद्धको खोप अभियान अन्तर्गत हिमाली जिल्ला मनाङका ७२० बालबालिकालाई खोप लगाइँदैछ । तीन पालिकामा शुक्रबारदेखि खोप लगाइने छ भने एक पालिकामा दोस्रो चरणमा बालबालिकालाई खोप लगाइनेछ । जिल्लामा विभिन्न स्थानीय तहका विद्यालयसहित स्वास्थ्य केन्द्र गरी २३ खोप केन्द्रमार्फत खोप लगाइने स्वास्थ्य कार्यालयका प्रमुख बाबुराम आचार्यले जानकारी दिए । उनका अनुसार ८० प्रतिशतभन्दा बढी खोप केन्द्र विद्यालयमा राखिएको छ । विद्यालयको खोप केन्द्रमार्फत ५३९ र विद्यालय बाहिरबाट १८१ बालबालिकालाई टाइफाइडविरुद्धको खोप लगाइनेछ ।

पहिलो चरणमा चैत २५ गतेदेखि २९ गतेसम्म नार्सो, चामे र मनाङ डिस्याङ गाउँपालिकामा खोप अभियान सञ्चालन हुनेछ भने दोस्रो चरणमा चैत ३० गतेदेखि वैशाख ३ गतेसम्म नार्पाभूमि गाउँपालिकामा खोप दिइनेछ ।

# कतारमा रचना वाचन डबलीमार्फत सुनियो सर्जकहरूलाई

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा-कतार, २५ चैत



कतारमा स्थापित साहित्यिक संस्थाहरू अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टर र नवोदित साहित्यिक वाचनालय कतारले आफ्नो १२३औं रचना वाचन डबली सम्पन्न गरेका छन् । प्रत्येक महिनाको दोस्रो शुक्रवार सम्पन्न हुने डबलीमा भिन्दै संयोजक र भिन्दै विशिष्ट श्रोता रहने विशेषता कार्यक्रमले बोक्ने गरेको छ ।

साहित्यिक वातावरणमा आफ्नो रचना सुनाउन तथा अरूको रचना सुन्नका लागि नेपाली भाषा साहित्य प्रेमीहरूको बाक्लो उपस्थिति रहेको थियो । डबलीमा सुरेश परियार आभास, जीवन बिक, प्रकाश पाठक योगी, निरन नेपाल, नारायण निर्जल भण्डारी, सोम थापा, सोतन्त्र नेपाल, लेख कार्की, शिव सुबेदी, श्यामराज रानाभाट, टिका खड्का राष्ट्र प्रेमी, माया के सी, मणि पौडेल र सिताराम थापाले आफ्ना सिर्जना वाचन गरेका थिए । कार्यक्रमलाई सानु थपलियाले संयोजन गरेका थिए भने विशिष्ट श्रोताका रूपमा झापाली समाज कतारका अध्यक्ष केशव कार्की रहेका थिए ।

कार्यक्रमको समापन गर्दै कार्कीले रचना मार्फत आफू पटक पटक रोएको र हासेको बताए । उनले कतारमा रहेर नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा संस्थागत तथा व्यक्तिगत रूपमा गरेको योगदानको प्रशंसा गर्दै साहित्यिक कार्यक्रममा आफ्नो उपस्थिति निरन्तर रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।

### निर्वाचन ...

अल्पसङ्ख्यक समुदाय चरित्र हत्या हुने गरी निर्वाचन प्रचार प्रसार गर्न नपाईने र निर्वाचन प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा झूटा साइट र एकाउण्ट सञ्चालन गराएमा कडा भन्दा कडा कारबाही हुनेपनि आयोगले जनाएको छ ।

यस्तै, उम्मेदवारको मनोनयन दर्ता भएपछि मतपरिणामको घोषणा नहुँदासम्म मत सर्वेक्षण घोषणा गर्न वा प्रकाशन गर्न नहुने पनि आयोगको भनाइ छ । आचारसंहिताको परिच्छेद ९ को धारा ३६ मा बहालवाला जनप्रतिनिधि, सरकारको पारिश्रमिक लिने व्यक्तिले राजीनामा दिनुपर्ने भन्ने उल्लेख छ । तर त्यसविरूद्ध सर्वोच्च अदालतमा रिट परेको छ। त्यसलाई सर्वोच्चले तत्काल कार्यान्वयन नगर्न भनेको थियो । तर, आयोगले स्थानीय तहको उम्मेदवार बन्नका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सेवा, सुविधा लिएको हुन नहुने बताएको छ ।

आयोगले जारी गरेको आचारसंहिता उल्लंघन गर्ने जो कोहीलाई पनि निर्वाचन कसुर कानून बमोजिम कारबाही हुने प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले जानकारी दिए । निर्वाचनको आचारसंहिता उलंघन गर्ने काम निर्वाचन कसुर हुने भएकाले त्यस्ता दल र उम्मेदवारलाई कारबाही गर्न आयोग सदैब तयार रहेको उनले स्पष्ट पारे । आयोगले निर्वाचन आचारसंहिता कार्यान्वयन भए/नभएको अनुगमन गर्ने जिम्मेवारी भने तत्कालका लागि प्रमुख जिल्ला अधिकारीलाई दिएको छ। आचारसंहिता पालना भए नभएको निगरानी गर्न ७५३ वटै स्थानीय तहमा संयन्त्र समेत निर्माण गरिएको छ ।

आचारसंहिता तीनै तहका सरकार मातहतका निकाय, संवैधानिक निकाय, उम्मेदवार, राजनीतिक दल, सञ्चारमाध्यम, लगायत गैरसरकारी तथा निजी संस्था र दातृ निकायमा पनि लागू हुनेछ । आयोगले यसअघि नै आचारसंहिता पालना गर्ने प्रतिबद्धता पत्रमा राजनीतिक दलहरुलाई हस्ताक्षर गराइसकेको छ ।

### एकपछि...

तर अध्यक्ष ओलीको दाबीलाई चुनौती दिँदै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थानीय चुनावपछि प्रतिगामीहरुको समूह ढल्ने दाबी गरिरहहेका छन् । अब स्थानीय तहको चुनावमा ओलीलगायतका प्रतिगामीहरुको समूह ढल्नेछ, जनताका पार्टीले जित्नेछन् र देश बनाउनेछन्, अध्यक्ष प्रचण्डले भने । उनले आगामी चुनावमा एमालेको राष्ट्रियसभा चुनावमा जस्तै लज्जास्पद हार हुने दाबी गरेका छन् ।

पत्रकार महासंघमा लज्जास्पद हार

गत चैतमा भएको नेपाल पत्रकार महासंघको चुनावमा पनि नेकपा एमाले निकट प्रेश चौतारीले लज्जास्पद हार व्योहोर्नुपरेको थियो । नेपाली कांग्रेस निकट पत्रकार संगठन नेपाल प्रेस युनियनका विपुल पोखेल अध्यक्षसहित कार्यसमितिमा प्यानल नै निर्वाचित भएपछि एमाले महासंघको नेतृत्वबाट बाहरिएको थियो ।

अध्यक्ष पोखेलले र एमाले निकट प्रेश चौतारीबाट उम्मेद्वार बनेकी निर्मला शर्माबीच फराकिलो मतान्तर थियो । पोखेलले ५९४२ मत ल्याए भने शर्माले ३९१५ मत पाइन् ।

राष्ट्रियसभा चुनाव एक सिटमा सीमित

गत माघमा भएको राष्ट्रियसभा चुनावमा पनि एमालेले एक सिट बाहेक सबैमा पराजय भोग्नुपरेको थियो ।

चुनावमा नेपाली कांग्रेसले ६, माओवादी केन्द्र र एकीकृत समाजवादीले ५/५, जनता समाजवादीले २ र राष्ट्रिय जनमोर्चाले एक सिटमा उम्मेद्वार उठाएका थिए । जसमा एक सिटमा मात्रै एमाले विजयी भएको थियो भने बाँकी १८ सिट एमालेले गुमाएको थियो । तर, चुनावमा सत्तारुढ दलहरुले गठबन्धन गरेका थिए ।

**नेपाल इन्जिनियर्स एसोसिएसनमा पनि पराजय**

गत फागूनमा भएको नेपाल इन्जिनियर्स एसोसिएसनको चुनावमा पनि एमालेनिकट उम्मेद्वारले पराजय भोग्नुपरेको थियो । एसोसियसनको अध्यक्षमा सेन्टर फर डेमोक्र्याटिक इञ्जिनियर्स नेपालका डा हरिबहादुर दर्लामी निर्वाचित भएका थिए भने एमालेको प्रगतिशील समूहका केन्द्रीय अध्यक्ष डा सुरज लामिछाने नेतृत्वको समूहले हार ब्योहोर्नु परेको थियो । उपाध्यक्षमा पनि लोकतान्त्रिक समूहकै डा नारायणप्रसाद अधिकारी, महासचिवमा रविभूषण झा, उपमहासचिवमा सरोज धिताल कोषाध्यक्षमा दिनेश त्रिपाठीलगायत विजयी भएका थिए ।

एकपछि अर्को गर्दै संगठनमा पराजय व्योहोरेको एमालेलाई स्थानीय निर्वाचनमा हराउने रणनीतिमा सत्तागबठन्धन देखिएको छ । यद्यपि, एमालेले राप्रपा, लोसपा लगायतका साना दलसँग चुनावी तालमेलको तयारी गरिरहेको छ ।

### वैदेशिक...

पोखरा महानगरपालिका १४ मा पोखरा वास इण्डष्ट्रिज प्रा.लि. संचालन गरिरहेका सुनिल कार्की पनि उद्यमी राष्ट्रिय पुरस्कारबाट सम्मानित भए ।

उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कारबाट पुरस्कृत जैसीले सरकारले गरेको सम्मानले थप उत्साह मिलेको बताए । उनले झण्झटमुक्त उद्योग प्रशासनको सुनिश्चितता भएमा आफुजस्ता वैदेशिक रोजगारमा गएर केही पुजी र सीपसहित फर्किएका नेपालीले उद्यमशिलताको विकास गरी आफू स्वरोजगार भई अरूलाई रोजगारी दिनसक्ने बताए । उनले नेपालमा उद्यम गर्न पूर्वाधारको समस्या रहेको र कतिपय अवस्थामा अस्वस्थ प्रतिस्पर्धाको जोखिमसमेत रहेको बताए ।

दोलखाका शंकर कुमार ओली वैदेशिक रोजगारीमा दुवईबाट फर्किएका हुन् । उनले स्वदेशमा नै आफ्नो श्रम र पसिना बगाउनु पर्ने बताए । श्रम मन्त्री श्रेष्ठले ८ जनाको सम्मान समग्र वैदेशिक रोजगारबाट फर्किएर उद्यमी बनेकाहरुलाई गरिएको सम्मान भएको बताउँदै मन्त्रालयले विदेशबाट फर्किएर उद्यम शुरु गर्नेहरुलाई सहुलियत ऋण उपलब्ध गराउने भन्ने विषयमा छलफल भइरहेको जानकारी दिए ।

सचिव एकनारायण अर्यालले वैदेशिक रोजगारबाट फर्किएका कामदारहरुले सिकेको सीपलाई उपयोग गर्ने विषयमा छलफल गरिरहेको भन्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई स्वरोजगारीमा प्रोत्साहन गर्ने उद्देश्यले नै सरकारले पुरस्कार तथा सम्मान दिन थालेको बताए ।

विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि २०७६ बमोजिम गत फागुन १० गतेसम्म उद्यमी राष्ट्रिय पुरस्कारका लागि आवेदन माग गरी उद्यमीको छनोट गरिएको मन्त्रालयले जानकारी दिएको छ ।

# सवारी साधनको समुचित उपयोग गर्न मन्त्री चौधरीको आग्रह

**काठमाडौं/मस**-खानेपानीमन्त्री उमाकान्त चौधरीले सरकारले उपलब्ध गराएको सवारी साधनको समुचित उपयोग गरी खानेपानीका उपभोक्तालाई सेवा प्रदान गर्न आग्रह गरेका छन् । एसियाली विकास बैंकले शुक्रबार उपलब्ध गराएको ११ सवारीसाधन विभिन्न खानेपानी आयोजनाको उपभोक्ता समितिका प्रतिनिधिलाई हस्तान्तरण गर्दै मन्त्री चौधरीले शुद्ध खानेपानी उपभोग गर्न पाउने नेपाली नागरिकको मौलिक हक प्रत्याभूत गर्न वितरित सवारीसाधनले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

'उपभोक्तालाई खानेपानीको सेवा उपलब्ध गराएको मूल्याङ्कनका आधारमा सरकारले वितरण गरेको सवारीसाधनको दुरुपयोग नगरी २४ सै घण्टा सेवाको लागि उपयोग होस्' उनले भने, 'खानेपानीको सेवा विस्तार र सहज बनाउने कार्यमा कोही कसैले राजनीति गर्नुहुँदैन। यो राजनीति गर्ने विषय पनि होइन ।'

यसरी सवारी प्राप्त गर्नेहरुमा काभ्रे पाँचखालको सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समिति, भरतपुर नगरपालिका-१९ स्थित शारदानगर जागृति खानेपानी उपभोक्ता संस्था, सप्तरीस्थित कञ्चनपुर शहरी खानेपानी संस्था, दार्चुलास्थित खलङ्गा खानेपानी उपभोक्ता समिति रहेका छन् । कैलालीको अत्तरिया साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, डडेल्धुरास्थित खलङ्गा खाने पानी सरसफाइ समिति, काश्कीस्थित निर्मलपोखरी बागमारा पुडित साना शहरी खानेपानी सरसफाइ समिति, सर्लाहीस्थित लालबन्दी खानेपानी उपभोक्ता समिति, उदयपुरस्थित कटारी बजार नयाँ खानेपानी उपभोक्ता समिति, कैलालीस्थित लम्की सानाशहरु खानेपानी संस्था र भक्तपुरस्थित दधिकोट बृहत खानेपानी तथा सरसफाइ मूल उपभोक्ता समितिलाई सवारी वितरण गरिएको हो ।

# मेला–महोत्सवले अर्थतन्त्रलाई चलायमान बनाउँछः गृहमन्त्री खाँण

**अनिष पन्थी/मध्यान्ह**
गुल्मी, २५ चैत

गृहमन्त्री बालकृष्ण खाँणले महोत्सवले अर्थतन्त्रलाई चलायमान बनाउने बताएका छन् । चौथो गुल्मी महोत्सव प्रादेशिक व्यापार एवं औद्योगिक मेला-२०७८ को उद्‌घाटन गर्दै गृहमन्त्री खाँणले आर्थिक समृद्धिको लागि मेला तथा महोत्सव निरन्तर रुपमा हुनुपर्ने बताए ।

कोरोना भाइरसका कारण उद्योगी र व्यवसायीलाई ठूलो असर परेको भन्दै उनले शान्ति सु-व्यवस्था स्थापना गर्न तथा उद्योग व्यवसायलाई चलायमान बनाउन सरकार लागि परेको बताए ।



आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि शान्ती सुरक्षा कायम गर्न सुरक्षा निकायलाई निर्देशन दिँदै उनले निर्वाचन भयरहित र मर्यादित वातावरणमा सम्पन्न हुने बताए ।

बिकास निर्माणको लागि सबैको राजनीतिक दलको सहकार्यको आवश्यकता रहेको निर्वाचनमा भाग नलिएका दललाई समेत सहभागी हुन उनको आग्रह थियो ।

सम्पन्नता र समृद्धिको निकास, शिक्षा, स्वास्थ्य, कृषि पर्यटनमा आधारित व्यापारको बिकास भन्ने नाराका साथ शुक्रबारबाट शुरु भएको चौथो गुल्मी महोत्सव वैशाख ४ गते सम्म चल्ने छ । महोत्सवमा दुई सय स्टल छन् । राष्ट्रिय तथा स्थानीय कलाहरुको प्रस्तुतिमा विभिन्न सांस्कृतिक तथा साङ्गीतिक कार्यक्रम ८० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा राखेको गुल्मी उद्योग वाणिज्य संघले जनाएको छ ।

# आयात गर्ने संस्कार निरूत्साहित गर्न मन्त्री भुसालको आग्रह

**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले देशको अर्थतन्त्र प्रवर्द्धन गर्नका लागि आयातित संस्कारलाई प्रवर्द्धन नगर्न आग्रह गरेकी छन् ।

सिँचाइ दिवस तथा ६९औं वार्षिकोत्सवका अवसरमा शुत्रबार यहाँ आयोजित कार्यक्रममा उनले भनिन्, 'स्वदेशमै उत्पादन हुने वस्तु पनि आयात भइरहेका छन्, त्यसो नगरौं, आयातित संस्कार प्रवर्द्धन नगरौं, स्वदेशमै उत्पादित खाद्यान्नको प्रयोग गरौं, हाम्रो व्यवहारमा परिवर्तन गरौं र हाम्रो अर्थतन्त्र प्रवर्द्धन गरौं ।'

व्यापार घाटा चुलिँदा अर्थतन्त्रमा नै चुनौती सिर्जना हुने भएकाले स्वदेशी उत्पादन प्रवर्द्धन गर्न र स्थानीय उत्पादनको उपभोगमा विशेष जोड दिनुपर्ने आवश्यकता औंल्याउँदै मन्त्री भुसालले भनिन्, 'सिँचाइ विभागको तथ्याङ्कमा सन् २०१९/२०२० मा नेपालको कृषि व्यापार घाटा लगभग रु दुई खर्ब ५० अर्ब रहेकामा र सन् २०२१/२२ मा ३० प्रतिशतले वृद्धि भएर रु तीन खर्ब २५ अर्ब पुगेको छ, यो अत्यन्त चुनौतिको विषय भएको छ । अब थप व्यापार घाटा बढ्न



नदिन पनि हामीले आयातलाई निरुत्साहित गर्नुपर्छ र स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नुपर्छ ।'

हालै सम्पन्न जनगणनाको प्रारम्भिक तथ्याङ्कले बसोबासको अवस्थामा फेरबदल ल्याएको उल्लेख गर्दै मन्त्री भुसालले देशको हिमाल र पहाडका कृषियोग्य जमिन बाँझो रहने र तराईको उर्वराभूमि खण्डीकरण भएर बसोबासमा परिणत हुने देखिएको बताइन् ।

उनले बसाइँसराइको चुनौतीलाई सम्बोधन गर्नेगरी नीति विकास गर्नुपर्ने आवश्यकता औंलयाइन् । देशको मुख्य आर्थिक आधार भनेको कृषि, जलविद्युत् र पर्यटन क्षेत्र भएकाले यी क्षेत्रको प्रवर्द्धनका लागि एकीकृत नीति तय गरेर अगाडि बढ्नुपर्नेमा जोड दिँदै मन्त्री भुसालले आगामी दिनमा सबै स्थानको कृषियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिन् ।

कार्यक्रममा जलस्रोत तथा सिँचाइ सचिव सागरकुमार राई र जल तथा ऊर्जा आयोगका सचिव दिनेश घिमिरेले देशको सिँचाइ क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको कार्यान्वयनमा विभागले सक्रियतापूर्वक लगेको बताए । उनीहरूले देशको कृषि आयातलाई निरुत्साहित गर्नका लागि पनि साधनस्रोत तथा नीतिगतरूपमा विभागलाई सबल बनाउँदै लैजानुपर्नेमा जोड दिए ।

विभागका पूर्वमहानिर्देशक तथा उत्कृष्ट कर्मचारीलाई सम्मान गरिएको थियो । कार्यक्रममा सिँचाइ विभागमा महानिर्देशक सुशीलचन्द्र आचार्यले सिँचाइ विभागले अगाडि बढाएका कार्यक्रम कार्यान्वयन सबैको सहयोग आवश्यकपर्ने बताए ।

# सातौँ लमजुङ महोत्सव शुरु

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, २५ चैत

'स्थानीय उत्पादन, संस्कृति तथा पर्यटन : कोभिड-१९ पछिको व्यवसाय पुनःस्थापना' भन्ने मूल नाराका साथ लमजुङ बेसिशहर नगरपालिका-७ सहजीमा सातौँ लमजुङ महोत्सव सुरु भएको छ ।

लमजुङ उद्योग वाणिज्य संघको आयोजनामा आगामी वैशाख ४ गतेसम्म सञ्चालन हुने यस लमजुङ महोत्सव शुक्रबारदेखि शुरु भएको हो । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले महोत्सवको उद्घाटन गर्दै लमजुङको पर्यटक, सामाजिक, आर्थिकलगायत समग्ररूपमा लमजुङको विकासमा महोत्सवले टेवा पुऱ्याउने बताए ।

उनले गण्डकी प्रदेश पर्यटकीय हिसाबले सम्भावना नै सम्भावना रहेको बताए । उनले पोखरा अन्तर र्‍ाष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि आउने पर्यटकलाई पर्यटन व्यवसायीले अन्नपूर्ण पदमार्गदेखि गाउँगाउँका होमस्टे, पर्यटकीय तथा ऐतिहासिकस्थलको प्रचारप्रसार गरी पर्यटकको बसाइ लम्बाउँदै आर्थिक आम्दानी गर्नुपर्नेमा उनले जोड दिए । प्रदेश सरकारले पर्यटनलाई पहिलो प्राथमिकता साथ राखेको र प्रदेशको मुख्य समृद्धिको आधार नै पर्यटन रहेको उनको भनाइ छ । नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङले स्थानीय उत्पादन बढाउँदै लैजान सकेमा गाउँगाउँमा समृद्धि हुने बताए । जिल्लामा हुने यस्ता महोत्सवले लमजुङकै विकासमा सहयोग पुऱ्याउने भएकाले यसमा सबै एकजुट भएर लाग्नुपर्नेमा उनले जोड दिए । महोत्सव सुरुअघि जिल्लामा रहेका विभिन्न जातजाति तथा समुदायले आफ्ना वेशभूषासहित बेसिशहर बजारमा झाँक्री तथा ऱ्याली प्रदर्शन गरेका थिए ।

**बाँके डायरी**

**पवन जायसवाल/मध्यान्ह**

# डुडुवाका सबै नागरिकको स्वास्थ्य बीमा

बाँकेको डुडुवा गाउँपालिकाले सबै नागरिकको स्वास्थ्य बीमाको शुरुवात गरेको छ । घर-घरमा स्वास्थ्य सेवा अभियान अन्तर्गत हरेक नागरिकको स्वास्थ्य बीमा गरी बढीमा दुई लाख सम्मको उपचार सेवा प्रदान गरिनेछ ।

प्रतिपरिवार ७०० का दरले परिवारिक संख्याका आधारमा बीमा गरिने भएको छ । गाउँपालिकाले लिएको लक्ष्य अनुसार हाल ५० प्रतिशत गाउँपालिकाले सहयोग गर्ने र ५० प्रतिशत रकम बीमाकर्ता आफैंले बुझाउनुपर्ने डुडुवा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख धनबहादुर बुढाले बताए । प्रतिपरिवारले एक वर्षमा २० हजार बराबरको निःशुल्क औषधी उपचार सेवा पाउने छन् । बीमाका लागि डुडुवागाउँपालिका वडा नं. १ देखि ६ वडा सम्म ६ जनालाई बीमा सहायकमार्फत नागरिकहरुको विवरण संकलन गरी बीमा गर्नका लागि ति कर्मचारीलाई इन्ड्रोवइट मोबाइल सेट, झोला तथा स्टेश्नरीका सामग्री हस्तान्तरण गरिएको छ ।

सामग्री हस्तान्तरण गर्दै गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले डुडुवागाउँपालिकामा बसोबास गर्ने अधिकांश नागरिकको आर्थिक अवस्था कमजोर भएकाले बिरामी भएपछि उपचार गर्न नसक्ने जनताको बीमा मार्फत उपचार सेवा प्रदान गर्न सहज हुने बताए ।

उनले डुडुवा गाउँपालिका नागरिकको घर-घरमा सेवा प्रदान गर्ने लक्ष्य अनुसार कुनै पनि नागरिक स्वास्थ्य सेवाबाट बञ्चित नहुन भनेर यो अभियान शुरु



गरेको र गाउँपालिकामै विशेषज्ञ सेवा मार्फत उपचार गर्ने बताए ।

गाउँपालिकाले ७० वर्ष पुगेका जेष्ठ नागरिक तथा अपांगता भएकाहरुको निःशुल्क बीमा गरेको छ । अन्य नागरिकहरुले भने ५० प्रतिशत रकम तिर्नुपर्ने हुन्छ । पहिलो पटक डुडुवाले स्वास्थ्य बीमा कार्यक्रम ल्याएको छ ।

डुडुवाले जेष्ठ नागरिकहरुका लागि छुट्टै अस्पताल निर्माण गरिरहेको छ । उक्त अस्पतालमार्फत विशेषज्ञ चिकित्सक, ल्याब, एक्सरे सेवा, फार्मेसी लगायतको सेवा प्रदान गर्ने गरी तयारी भइरहेको गाउँपालिकाले जानकारी गराएको छ ।

**वैशाखी पर्व विभिन्न कार्यक्रम गरी मनाइने**

शिख समुदायको महान पर्व वैशाखी विभिन्न कार्यक्रमका साथ मनाइने भएको छ ।

बाँके जिल्लामा रहेका शिख समुदायले शुक्रबार नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १२ सुर्खेतरोडस्थित गुरुद्वारा श्री गुरुनानक सिंह सभामा पत्रकार सम्मेलन गर्दै सो जानकारी गराएको हो ।

गुरुनानक देव सेवा सोसाइटी इन्टरनेशनल युएसएको आयोजनामा शिख समुदायको शोभा यात्रा कला, संस्कृति झल्कने विभिन्न किसिमका झाँकीहरु नेपालगन्जको सर्खेतरोडमा रहेको गुरुद्वारा श्री गुरुनानक सिंह सभाबाट धम्बोझी, सेतु विक चौक, त्रिवेणी मोड, त्रिभुवन चौक, बीपी चौक हुँदै पुनः गुरुद्वारा श्री गुरुनानक सिंह सभामा पुगेर समापन गर्ने कार्यक्रम रहेको छ ।

शिख समुदाय बाँके तथा गुरुद्वारा श्री गुरुनानक सिंह सभाका अध्यक्ष राजेन्द्र सिंह सरदारको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा प्रवक्ता सुरेन्द्र सिंह सरदार (सोनू) ले कार्यक्रम संचालन गरेका थिए ।

कार्यक्रममा श्री गुरुनानक देव सेवा सोसाइटी इन्टरनेशनल युएसएका मैनेजर दलजित सिंह सरदार, गुरुद्वाराका वरिष्ठ सचिव अमरजीत सिंह सरदार, कोषाध्यक्ष जोगिन्द्र सिंह सरदार, पत्रकारमा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष शुक्रऋषि चौलागाईं, सिराज खान, जे. पाण्डे, नेपाल पत्रकार महासंघ बाँके शाखाका पूर्व उपाध्यक्ष रुपा गहतराज, शंकर खनाल, भारत रुपैडिहाका वरिष्ठ पत्रकार मनिराम शर्मा लगायतले मन्तव्य राखेका थिए ।

नेपालमा शिख समुदायहरु २५-३० हजार रहेका छन् भने बाँके जिल्लाको जमुनहा, हिरमिनियाको सिक्खनपुर्वा, बसुदेवपुको मन्नीपुर, पश्चिमको बनकटवा लगायतको गाउँमा र नेपालगन्जमा गरी ६-७ हजारको संख्यामा रहेका जानकारी सिख समुदाय बाँकेका अध्यक्ष राजेन्द्र सिंह सरदारले जानकारी दिए ।

उनले भने, 'यो पर्व ४० वर्ष देखि मनाउँदै आएको छौं । बीचमा कोरोना महामारी रोगका कारण ४ वर्ष पर्व मनाउन पाएनौं । अब वि.सं.२०७९ नयाँ वर्षमा वैशाखी पर्व मनाउन गइरहेका छौं ।'

कार्यक्रममा गुरुद्वारा श्री गुरुनानक सिंह सभाका उपाध्यक्ष हरपाल सिंह सरदार, सदस्य चरणजीत सिंह सरदार, हरनाम सिंह सरदार, पविन्द्र सिंह सरदार, भोला सिंह सरदार, भारतीय पत्रकार सुरेन्द्र मदेशिया लगायतको सहभागिता रहेको थियो ।

वैशाखी पर्वमा देश विदेशका कलाकारहरुको सहभागिता रहने छ भने दिन भर भजन किर्तनका साथै भण्डारा गरिने पनि पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । हरेक वर्ष शिख समुदायले समय समयमा सर्वत खुवाउने, भण्डारा गर्ने, पानी खुवाउने लगायत मानवीय कार्यहरु गर्दै आइ रहेका छन् ।

# 'पाइल फाउण्डेशन फर ब्रिज' पुस्तक सार्वजनिक

**काठमाडौं/मस-**नेपाल सरकारका पूर्वसचिव तनुकलाल यादवले लेखको 'पाइल फाउन्डेशन फर ब्रिज' नामक पुस्तक शुक्रबार सार्वजनिक भएको छ ।

पुस्तकले नेपालका पुलहरूका लागि पाइल फाउन्डेशनसँग सम्बन्धित विषयहरूको विस्तृत दायरालाई समेटेको छ । पुस्तक सार्वजनिकीकरण समारोहमा भौतिक पूर्वाधार मन्त्रालयलका सचिव रवीन्द्रनाथ श्रेष्ठले नेपालमा तालिमलगायत पूर्वाधार अभावका कारण भौतिक संरचना अपेक्षित बलियो नभएको बताए । उनले नेपालमा यस्तो पुस्तकको अभाव रहेको भन्दै पुस्तकले मार्ग निर्देशन दिने तथा समस्याको समाधान निकाल्न महत्वपूर्ण हुने बताए ।

नेपालमा निर्माण व्यवसायी र इन्जिनियर सबै आफ्नो क्षेत्रमा जिम्मेवार र इमान्दार बन्नुपर्ने उनले उल्लेख गरे । पुस्तकका लेखक यादवले पुस्तकमा नेपालमा प्रयोग गरिएका विभिन्न प्रकारका पुल फाउन्डेशनहरूका साथै वर्किङ लोड विधि प्रयोग गरी भू-प्राविधिक पाइल डिजाइन र सीमा राज्य विधि प्रयोग गरी संरचनात्मक डिजाइनको जानकारी समावेश गरिएको जानकारी दिए ।

पुस्तक अखण्डता र प्रतिरोध क्षमता निर्धारण विधिहरू (स्थिर, उच्च तनाव, र कम तनाव गैर-विनाशकारी गतिशील परीक्षण विधिहरू) र सफ्ट-वेयरमा नयाँ विकासहरूको सन्दर्भका साथ अद्यावधिक गरिएको छ ।

पुस्तकमा चरणबद्ध डिजाइन प्रविधि, निर्माण र गुणस्तर सुनिश्चितता, पुल निर्माण ठेक्का विधि र निर्माणको क्रममा आइपर्ने सामान्य समस्याका साथै तिनका कारण र उपायहरू पनि समावेश गरिएका छन् । पुस्तकमा अमेरिका, भारत र नेपालका घटना अध्ययन (केस स्टडी) गरी समग्र



दृष्टिकोण प्रदान गरिएको लेखक यादवले बताए ।

पुस्तकमा नेपालका जब्दीघाट, कमला पुल, थिमुराब्रिज र घट्टेखोला ब्रिजजस्ता पुल असफल भएका घटनाहरू विस्तृत रूपमा वर्णन गरिएको छ । यसबाहेक, सेल्फ-कम्प्याक्टिङ कङ्क्रिटको परिचय, डिजाइन-बिल्ड अनुबन्ध मोडेलको अध्ययन, संस्थागत वातावरणको वृद्धि र एएचपी मोडेल सबैलाई गहिराइमा समेटिएको छ ।

पुस्तक इन्जिनियरिङ विद्यार्थी, सरकारी एजेन्सी, पुल डिजाइनर, अभ्यास गर्ने इन्जिनियर र पुल निर्माणकर्ताहरूका लागि उत्कृष्ट पाठ र सन्दर्भहरु समेटिएको छ । पुस्तकमा दिइएको सुझावअनुसार विकासका संवाहकका रूपमा रहेका पुलजस्ता भौतिक पूर्वाधारको निर्माण मात्र आफैंमा पूर्ण विषय होइन । यस्ता भौतिक संरचनाहरूको टिकाउ र दिगोपनामा पनि निकै ध्यान दिनुपर्ने हुन्छ ।

केही समय यतादेखि देशका विभिन्न भागमा पुल निर्माण हुने क्रम तीव्र छ । साथै यी पुलहरू सम्पन्न नहुँदै वा निर्माणकै क्रममा लच्किने, भाँचिने गरेका खबरले सञ्चारमाध्यममा ठूलो ठाउँ पाएको छ । सरकारी आँकडानुसार यसवर्ष २०७८ सालमा निर्माण सम्पन्न भइसकेका वा निर्माणकै क्रममा रहेका आठ वटा पुलमा क्षति भइसकेको छ ।

यसैगरी नौवटा पुल निर्माणका क्रममा नदीको माथिल्लो भागमा आएको बाढीका कारण क्षति पुगेको छ । यी तथ्याङ्कहरूको विश्लेषणबाट नेपालमा निर्माण भइरहेको पुलको डिजाइन, निर्माण वा कच्चा सामग्रीको प्रयोगमा गरिने भ्रष्टाचार एवं लापरबाही नै पुलमा देखिने समस्याका प्रमुख कारक रहेको मान्न सकिन्छ ।

बारम्बारका यस्ता घटनाले पुलजस्ता भौतिक संरचना निर्माणमा कमसल कच्चा सामग्रीको प्रयोग तथा आधारभूत निर्माण मापदण्डको पालना हुन नसक्नु नै प्रमुख समस्या हुन् । यस्ता कमजोर संरचनाका कारण राष्ट्रिय सम्पत्तिको नोक्सान हुनुका साथै मानिसको ज्यानै जाने खतरा रहन्छ । त्यसैले सडक र पुलजस्ता राष्ट्रिय सम्पत्तिको निर्माणमा गम्भीर ध्यान जानुपर्छ ।

सो अवसरमा सहभागी वक्ताहरुले सरकारी निकायकै गम्भीर कमीकमजोरीका कारण पुलजस्ता भौतिक संरचना निर्माणमा करोडौंको लागतमा ठेक्का लाग्ने भए पनि विभिन्न पक्षको मिलेमतोका कारण संरचना निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको बताए ।

# कीर्तिपुरमा पहिलो रोजगार सम्मेलन, तीन हजार युवाद्वारा अवलोकन




**काठमाडौं/मस-** कीर्तिपुर नगरपालिकामा पहिलो रोजगार सम्मेलन सम्पन्न भएको छ । नगर युवा परिषद्को आयोजनामा बिहीबार र शुक्रबार चलेको सम्मेलनमा तीन हजार भन्दा बढीले युवाहरुले अवलोकन गरेका थिए ।

सम्मेलनले युवाहरुलाई उद्यमशिलता विकास गर्नका लागि महत्वपूर्ण भूमिका खेलेको नगर युवा परिषद्का उपाध्यक्ष प्रविण महर्जनले जानकारी दिए । कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले उद्‌घाटन गरेको सम्मेलनले विभिन्न क्षेत्रका उद्यमी, रोजगारदाता र रोजगारीको खोजीमा रहेका युवाहरुलाई एकै ठाउँमा ल्याउन सफल भएको आयोजकको बिश्वास छ ।

सम्मेलनमा विभिन्न रोजगारदाता तथा व्यवसायिक संस्थाहरुको स्टल प्रदर्शनी तथा अन्तरक्रिया, राष्ट्रिय आविष्कार केन्द्रको राष्ट्रिय स्तरमा भईरहेकका आविष्कार सम्बन्धि गतिविधिहरुको बारेमा प्रस्तुती, रोजगार तथा उद्यमशीलता विकास सम्बन्धि छलफल, कीर्तिपुर नगरपालिकाबाट घरेलु रुपमा व्यवसायिक सिपको तालिम प्राप्त १० वटै वडाको तर्फबाट स्थापित 'सौगात गृह'को हाट-बजार लगायतको आकर्षण रहेको थियो ।

# बबईमा दम्कल र सर्पदंश उपचार केन्द्रको आवश्यकता



**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, २५ चैत

बबई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीष्म कुमार मल्लले गाउँपालिकामा दम्कल र सर्पदंश उपचार केन्द्रको आवश्यक्ता रहेको बताएका छन् । गाउँपालिकाको विपद् व्यबस्थापन शाखाले हापुरेमा गरेको दुई दिने बिपद् जोखिम बस्तीहरुको पहिचान तथा अभिमुखीकरण कार्यक्रमको समापनमा उनले यस्तो बताएका हुन् ।

बबई गाउँपालिकाकाका अध्यक्ष भुवनेशवर पौडेलको अध्यक्षता तथा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मल्लको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रममा जोखिम प्रभावित क्षेत्रहरुको पहिचान, नक्साङ्कन, तथा आगामी कार्ययोजनाका विषयमा छलफल भएको थियो ।

विपद् व्यवस्थापन समितिका सदस्य सचिव भुवन चन्द वालान क्षेत्रीले सञ्चालन गरेको कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी पञ्चकुले उपशाखाका सभापति जुद्दबिर खाम्चा, हापुरे उद्योग वाणिज्य संघका अध्यक्ष टिकाराम खत्री, रेडियो हापुरेका कार्यालय प्रमुख रामप्रसाद सुवेदी, वडा नम्बर ७ का वडा अध्यक्ष महावीर चौधरी लगायतकाले बोलेका थिए ।

कार्यक्रममा बबईका विभिन्न निकायका प्रमुख तथा प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटीका अध्यक्ष, जनप्रतिनिधि, इलाका प्रहरी कार्यालय हापुरेका प्रहरी प्रमुख केशवराज रेग्मी, पत्रकार लगायतको उपस्थिति रहेको थियो ।



कथा

# सहर

मनबहादुर दुःखी छन्, आज । लौरो टेकेर कोठामा ओहोर दोहोर गर्दै छन् । यता सावित्राको चटपट छैन । उ बाहिर निस्किन खोज्दै सानो छोराले भनेको सम्झिए, "भित्रै बस्नु नि बा ! डिस्टर्ब हुन्छ आउने जानेलाई !" अनि पत्नीको छेउमा बसेर भने, "सावि सुनिस्',मैले ठूलेलाई भने नि गाउँ जाने कुरा ।", कानको छेउमा कराएर बोले उनले ।



■ दमयन्ती फुयाल

"यो अलिकति खाउ न सावि", चम्चामा थोरै जाउलो भात लिएर मानबहादुरले भने । कति प्रयास गर्दा पनि उनले एक चम्चा पनि श्रीमतीलाई खुवाउन सकेनन् ।

"६ दिन भयो ओच्छ्यानमा लडेकी, खान पनि छोडी । के गर्नु ?", एक्लै बड्बडाउदै मानबहादुर छटपटिन्छन् ।

कोठामा बुहारी आउँछिन् । "छोडनुस बुबा, म खुवाउँछु ।"

"मुखे खोलदिन के खुवाउछेस ।"

"यो दालको पानी निल्न सजिलो हुन्छ ।" मानबहादुर बाहिर निस्किए ।

शिक्षकबाट अवकाश लिएका अहिले सत्तरी कटेका मानबहादुर खूबै सफा व्यक्तित्वका धनी छन । फुर्सद मिल्दा कविता, कहानी लेख्ने, पढने उनको बानी छ । बूढेसकालको एक्लो जीवनमा किताब जस्तो ठुलो मित्र कोही हुँदैन रहेछ, उनलाई थाहा भयो ।

दुई छोरा र दुई छोरीलाई पढाएर उच्च शिक्षित बनाएर बिहे पनि गरेर उनी आज बाबुको कर्तव्यबाट मुक्त भएका छन । चारै जनाले जागिर पाएर उनको शहर आएर बसेकोमा कृतकार्य बने । शहरमा उनको चौकमै पाँच तल्ले महल छ । तल्लो तलामा उनी कान्छो छोरासँग बस्छन् । अर्को तल्लो ठूलो छोराले राखेर अरू तीन तल्ला छोराहरूले अफिसलाई भाडामा दिएका छन् ।

"ए बा खोई अलिकति ।" मानबहादुरले ठम्याउन नभ्याउँदै हतार हतार भऱ्याङ चढ्छ ऊ ।

माथिका तल्लामा बस्नेहरूको ओहोर-दोहोर यत्तिकै भइनै रहन्छ । बाहिर निस्कन ठाउँ छैन । त्यो सानो आँगनमा गाडी र मोटरसाइकल सधैं भरिएका हुन्छन् ।

अघि गाउँमा छँदा खुलामा बसेका मानबहादुरलाई यहाँ बस्न सारै गारो लाग्छ । गाउँमा कुदि कुदि काम गरेका मान्छे आज कोठामा कोचारिएर बस्नु परेको छ । कष्ट गर्नु परेपनि गाउँनै रमाईलो थियो । उनी सम्झिन्छन् बितेका ती पलहरू । परिवारसँग कति रमाईलो हुन्थो एक समयमा .. !

छोरा छोरी पढाउन उनले र सावित्राले कति दुःख सहेका थिए । गाउँमा खेतमा धान, मकै तोरी, मास सबैको खेति गर्थे उनि । वर्षभरीको खोराकि धान, खाने तेल किन्नु पर्दैनथ्यो । गोठमा दुईमाऊ गाई कहिलै टुट्दैनथे । घरका सबैजनाले हातेमालो गरेर आमा सावित्रीलाई सघाउथे । बिहान सधैं एकछिनसबैले बारीमा काम गर्नैपर्थ्यो । सावित्री भन्ने गर्थिन, "काम गरेको शरीर मात्रै बलियो हुन्छ ।"

बारीमा, कोदालो चलाउने, वोट-बिरूवा रोप्ने अनि गोडमेल गर्दा गर्दै भोकले भुतुक्कै हुन्थे सबै, र कतिबेला सावित्राले भात खान बोलाउँछे भनेर कान ठाडा पार्थे । अनि बोलाएपछि बल्ल नुहाएर मात्रै खान पाउँथे । अनि खाएपछि आराम । के सारो निन्द्रा लाग्थ्यो त्यतिबेला । मानबहादुर सम्झिन्छन् । यहाँ त किन होला कति प्रयास गर्दा पनि निन्द्रा आउँदैन । न भोक लाग्छ ।

"बूढाबूढी मान्छे त भित्रै बस्नु नि ।" हतार हतारमा हिँड्दै कसैले भन्यो । मानबहादुर लौरो टेक्दै छेऊतिर उभिन्छन एकछिन । आज बृद्धावस्था भएर आफ्नै घरमा सबै हुँदा हुँदै पनि असहाय भएका छन उनी । यत्रो घरमा उनले हिँडनसम्म ठाउँ पाउँदैनन् ।

शहरमा बस्न मन थिएन उनको । अवकाशमा पाएको पैसाले श्रीमतीको भनाइमा यत्रो 'प्रकाण्डको घर' बनाएका थिए उनले । छोरा-छोरीले सुख पाउछन् भनेर, कत्ति दुःख गरेका थिए । शहरी हावाले छोएर घरको चारैतिर अग्लो देवाल पनि लगाए । अहिले धमाधम बढेका घरले गर्दा मज्जाले हावासम्म पनि छिर्न पाउँदैन । अग्लो दिवालले र गेटले गर्दा बाटाका मान्छे हेर्न पनि पाइँदैन । सारै न्यास्रो लाग्छ उनलाई !

उमेर छउन्जेल बुद्धि आउँदैन । पछि धेरै अफसोस हुन्छ ।

बुढा-बुढीले सल्लाह गरे यस विषयमा । अब गाउँको घरमा बस्ने भनेर ।



> बारीमा, कोदालो चलाउने, वोट-बिरूवा रोप्ने अनि गोडमेल गर्दा गर्दै भोकले भुतुक्कै हुन्थे सबै, र कतिबेला सावित्राले भात खान बोलाउँछे भनेर कान ठाडा पार्थे । अनि बोलाएपछि बल्ल नुहाएर मात्रै खान पाउँथे । अनि खाएपछि आराम । के सारो निन्द्रा लाग्थ्यो त्यतिबेला । मानबहादुर सम्झिन्छन् । यहाँ त किन होला कति प्रयास गर्दा पनि निन्द्रा आउँदैन । न भोक लाग्छ ।

सावित्राको घडघडो दिन दिनै बढन थालो । सर-सल्लाह हुँदा हुँदै झगड़ा पनि भयो, तर अरूले नसुन्नेगरी ।

"तेरै करले त आउनु परेको हो नि त शहर..!"

"त्यतिबेला छोराहरूलाई पढाउन, जागिर गराउन भनेर आइयो । अब बुढा, म सक्दिन यहाँ बस्न । यहाँ, कोसँग बोलेर बस्नु ?" श्रीमतीको कुरा बुझेका छन् उनले ।

उमेर भएसी छोरा वा छोरी कोइ त सहारा चाहिन्छ ।

आफ्नो मनको पीडा छोरासितसुनाउन प्रयास गरेका पनि थिए उनले ।

"ठूले, अब बुढेस काल भो गाउँतिर जानपर्छ । यहाँ धेरै भिडभाड भो । बाहिर हिँडडूल गर्नसम्म पाइँदैन । तो गाउँको घरको पनि हेरचाह हुन्छ । तेरा छोरा छोरीको पढाइ पनि सकिन्छ अब ।"

"कहाँ सकिनु बा । अझै दुई बर्ष पढ्न छ । मेरो पनि अवकाशलाई पाँच वर्ष छ । पछि जाउँला । यहाँ के पो गाह्रो छ र हजुरलाई ?"

अब कसरी भन्नु ? उनलाई सास फेर्न ..गाह्रो छ भनेर । सबै....काम कामका मान्छे । बोल्ने कोही छैनन् । घर त छ, तर खुशी छैन । एक-आपसमा माया छैन । सबै मेसिन बनेका छन ! पैसा कमाउने मसिन ! ठूलोछोरासँग कुरा मिलेन र कान्छो छोरालाई भनेका थिए एकदिन सावित्राको करकरमा ।

"यहाँ त मर्दा पनि कसैले थाहाँ पाउँदैनन् । अब त साथी, आफन्तहरू चाहिन्छन् । गाउँको घरमै लैजा अब हामीलाई । आमा भनेर थाकिसकि । उहाँ भए कति भेट गर्ने आउँथे होला । छरछिमेकीसँग बोलेर पनि भुल्ने थियौं ।"

"बा, छोरा छोरीको पढाइ छ । मेरो जागिर छ । भन्नेबित्तिकै कहाँ मिल्छ जान ?"

सावित्रा सधैं सोधछिन्, "कुरा गर्नु भो ?"

"हेर बुढी, यो उमेरमा बिना साहारा हामी बस्न सक्तिनौ । उनीहरूको अहिले सोच्नेसम्म समय छैन ।"

बुढाको कुरामा चित्त नबुझेर सावित्राले आँफै कान्छो छोरालाई भन्छिन्, "कान्छा, मर्न चै गाउँमै पुग्न पाए हुन्थो । कोही साथी मिलाएर हामीलाई गाउँमा बस्न मिलाई दिए हुन्थो ।"

"यहाँ चैं के भयेको छ र ? किन गाउँ गाउँ भन्नुहुन्छ सधै ?", निकै ठूलो स्वर निस्कियो छोराको मुखबाट...! बुहारी नाती कुदेर आए । त्यसमा थोरै बुहारीले कुरा थपिन । थोरै नातीले । सावित्रा चुप भइन ।

त्यसदिनदेखि सावित्राले सोध्न छोडिन् । विस्तारै मौन बस्न थालिन् । खान छोडिन् । अनि आज यो स्थिति मा पुगिन् ।

मनबहादुर दुःखी छन्, आज । लौरो टेकेर कोठामा ओहोर दोहोर गर्दै छन् । यता सावित्राको चटपट छैन । उ बाहिर निस्किन खोज्दै सानो छोराले भनेको सम्झिए, "भित्रै बस्नु नि बा । डिस्टर्ब हुन्छ आउने जानेलाई ।"

अनि पत्नीको छेउमा बसेर भने, "सावि सुनिस',मैले ठूलेलाई भने नि गाउँ जाने कुरा ।", कानको छेउमा कराएर बोले उनले ।

पिलिक्क आँखा उघारेर हेरिन पत्नीले । उनको आँखामा आशाका लहर देखे उनले ।

"अब उसको अवकाश लिन पाँच वर्ष मात्रै छ । मैले सबै कुरा गरे । तँ आँट नमार । पाँच वर्ष भनेको त फुस्सै बित्छ । अनि हामी गाउँ जाँउला । गाउँ गए पछि त सबै भेट्न आउँछन् हामीलाई नि !"

पत्नीले आँखा फेरि चिम्लिन ।

मानबहादुर त्यही धेरैबेरसम्म बसिरहे ।

साविको केही हलचल छैन । के हो ?

"सावि ! ओई सावि ! यता हेर न । म सित बोल न ।"

मनबहादुरले पत्नीको हाथ छामे । नाडी छामे ।

"नाडी चलेको भान हुँदैन त ! छाती पनि चलेको छैन त...! किन... ? कान्छो...! ए कान्छो...!", थरथराउदै मानबाहादूर पुगे ढोकासम्म । फेरि कराए, "ठूले ! ए ठूले !...ए कान्छो... ए बुहारी...!"

फेरी फर्किए पत्नीको छेउमा र शरीरको समस्त शक्ति बटुलेर चिच्चाए, "ए सावि बोल न । मलाइ एक्लै नपार । तँ बिना म कसरी बस्नु ?" बुढीलाई अँगालेर रोए । परिवारका कसैले उनले रोएको देखेनन् ।

छोराहरू आउँदा आउँदै उनको अनुहारको भाव बदलिएको थियो । उनलाई थाहा भयो, उनको पनि पछिको हाल यही हुने छ !

कविता

## तिमी खराब कि म ?



बलराम तिमल्सिना

तिमीले देशको व्यापार गऱ्यौ
मैँले देहको व्यापार गरेँ
तिमीले रमाइरमाई देश बेच्यौ
मैँले रोइरोई शरीर बेचेँ
यसरी तिमी गद्दार भयौ
र म यसरी वेश्या भएँ ।
फरक कति छ भने-
तिमीलाई पुलिसले पहरा दिन्छ
मलाई पुलिसले लखेट्छ ।
देश बेचेको रात
तिमी आएका थियौ मेरो कोठामा
(त्यसो त थुप्रै 'कमरेडहरू' पनि आउँछन्)
मलाई भोगेका थियौ तिमीले
र हिँड्ने बेलामा
टिप्स भनेर अतिरिक्त पैसा दिएका थियौ
मैँले तिरस्कार पूर्वक थुक्दै पैसा फालेकी थिएँ
र भनेकी थिएँ-
मेरो देश र मेरी आमा एकै हुन्
आमा बेचेको पैसा मलाई चाहिँदैन
म बूढी आमालाई पाल्न देह बेच्दै छु ।
हिजो सँगै लडेको हो हामीले
मुक्तिको समर
सँगै गाएका हौँ झञ्झावातको गीत
सँगै रोएका हौँ कैयन पटक
र सँगै हाँसेका हौँ हामी
हामी दुवै कमरेड थियौँ हिजो ।
बिसाएपछि बन्दुक
फुकाले पछि फौजी पोशाक
बदलेपछि आफ्नो बाटो
र हिँडेपछि दुश्मन हिँड्ने बाटो
तिमी देश बेचुवा गद्दार बन्यौ अचेल
र म वेश्या बन्न पुगेँ ।
बाटो र विचारसँगै बदलिएका कमरेडहरू
गद्दारीमा गौरव गर्छन् अचेल
र मेरो जिन्दगीलाई हेला गर्छन्
ती अझै पनि भन्ने गर्छन्
'हाम्रो महान तथा गौरवशाली पार्टी..!'
म सोचिरहेछु अचेल-
गद्दार हुनु र वेश्या हुनु कुन खराब हो ?
देश बेच्नु र शरीर बेच्नु कुन खतरनाक हो ?
तिमीहरूले जस्तो
निर्लज्जता पूर्वक
मैँले कहिले पनि भनेकी छैन-
"मेरो महान तथा गौरवशाली देह व्यापार !"
तिमीहरूलाई
गद्दारी गौरवशाली लाग्छ
आत्मसमर्पण आत्मीय
र विचलनमा रोमाञ्चकता प्राप्त हुन्छ
सपनाहरूको चिहानमाथि
ताण्डव नाच्दै छौ तिमीहरू
म भने देश सम्झिरहेकी हुन्छु
मेरो शरीरसँग
कोही जिस्किरहेको समयमा समेत ।
भन ए गद्दार 'कमरेड'हरू
तिमीहरू र म को बढी खराब ?

## पाँच मुक्तक



पबित्रा चाम्लिङ

१.
परदेशमा बुबाले रगत र पसिना, बगाएर कमाको छ
सन्तान यता सुख र सुबिधा बीचमा, बसेर रमाको छ
खै ! कस्ले बुझ्छ दर्द पीडा, हेर्दा देख्छ आनन्द क्रीडा
कति समस्या त आमाले नै, सकि नसकि थमाको छ ।

२.
अब कसरी पस्केर खान्छौ, पऱ्यौ भुइँमा खस्यो भने
माहुरीको घारमा अरिङाल गोला, आएर पस्यो भने
उपचार चाहिँ गर्दै गर्नु, तर ढुक्क भर भने पर्दै नपर्नु
पुनर्जिवन पाउँदैन भन्छन्, गोमन साँपले डस्यो भने ।

३.
गरिब मान्छेलाई कहिल्यै तिमीले, दिन्छु नभन्नु
पबित्र प्रेमलाई रुपैयाँ र पैसामा, किन्छु नभन्नु
जून बन शितल दिन, लोभी बन्छौ आज किन
तन बन्धक राख्न लगाई, फाइदा लिन्छु नभन्नु ।

४.
मलाई छोडेर जाने भएपछि, सुटुक्क जाँदा हुन्थ्यो
तिमीले दिएको सिन्दुर पोते, साथैमा लाँदा हुन्थ्यो
यदि तिमीले बुझ्थ्यौ भने, मनले ईश्वर पुज्थ्यौ भने
अग्नि साच्छि राखेर, झुटो कसम नखाँदा हुन्थ्यो ।

५.
पुर्खाहरूले जहाँ टेक्यो त्यही, माटोको माया लाग्छ
झोर र जंगल फाँड्दै हिँडेको, बाटोको माया लाग्छ
दौरासँगै चौबन्दी फाटे पनि, सहरमा सुख काटेपनि
झाले र माले गोरुलाई जोत्ने, पाटोको माया लाग्छ ।

फिचर

रेशम अधिकारी/रूपन्देही



# चित्रकार बन्ने सपना बुनेका निश्चल

बाल्यकालमा विद्यालयको भित्ता कोरिएको चित्र देख्दा मनमा चित्रकार बन्ने सपना सजाएका रूपन्देही देवदह नगरपालिका-७ का निश्चल सुवेदी १५ वर्षकै उमेरमा चित्र कोर्नमा माहिर बने । देवदहस्थित केरवानी माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत निश्चल विद्यालय बिदा हुनासाथ चित्र कोर्नमै व्यस्त रहन्छन् । भविष्यमा शिक्षक र क्रिकेटर बन्ने सपना बोकेका सुबेदीको हातमा पेन्सिल पर्न साथ ड्रोइङ कोरिन्छ । उनी निकै मिहिनेत गरेर चित्र तयार पार्छन् ।

दुई सन्तानमध्येका कान्छा निश्चल आफ्ना सिर्जनामा अक्सर पृथ्वी, स्मार्ट सिटी, वातावरण, खोलानाला, हिमाल, पहाड प्रकृतिलाई झल्काउँछन् । जनावर र चर्चित व्यक्तिका चेहरालाई रंगहरु भरेर उतार्छन् । निश्चल भन्छन्, "चित्रले यथार्थ झल्काउँछ, चित्रमा कोरिए जस्तै हाम्रो सुन्दर वातावरणलाई देश विदेशमा झल्काउन जरुरी छ ।"


उनी अगाडि थप्छन्, "म अहिले नै चित्रकलामा माहिर नै त् छैन सिक्ने त्रम जारी नै छ ।"

सुबेदीले चित्र सेतो पानामा उतार्नभन्दा पहिला आफ्नो मस्तिष्कको कल्पनामा चित्र कोर्छन् यसो गर्दा उनमा चित्र बनाउन मद्दत हुने उनले बताए । "कुनै विद्यालयमा चित्रकला प्रतियोगिता आयोजना भयो भने केरवानी माविबाट सुवेदी प्रतियोगी हुन जाने लगभग पक्का नै हुन्छ", शिक्षक कृष्ण न्यौपानेले भने । "कलिलो उमेरमा निश्चलको चित्रकलाप्रतिको मोह र कला तारिफ योग्य छ यदि यसैलाई निरन्तरता दिने हो भने उ पक्का सफल हुन्छ ।"

कोरोना महामारीको विषयमा जिल्ला स्तरीय चित्रकला प्रतियोगिता नेपाल रेडक्रस सोसाइटीले आयोजन गऱ्यो उनी जिल्लाभरिका विद्यार्थी मध्ये चौथो स्थान हासिल गरे



